जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २७७ २०८३ साल असार १ गते सोमबार (15 June 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निजामती सेवामा समावेशी ... ३ पृष्ठमा : प्रहरी सङ्गठन जनताका ... ३ पृष्ठमा :हर्मुज र आणविक मुद्दामा...

## राजविराजमा ध्वनी प्रदुषण नियन्त्रण
## १६ बर्ष बितिसक्दा पनि भएन अदालतको आदेश कार्यान्वयन



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

तत्कालिन पुनरावेदन अदालत राजविराजले २०६७ साल चैत्र २० गते राजविराज नगरपालिका क्षेत्रभित्र ध्वनी प्रदुषण नियन्त्रण गर्न सरोकारबाला निकायहरुको नाममा आदेश जारी गर्‍यो ।

तत्कालिन पुनरावेदन अदालत राजविराजका न्यायधिश दीपक कुमार कार्की र कुमार चुडालको संयुक्त इजलाशले जिल्ला प्रशासन कार्यालय सप्तरी, जिल्ला प्रहरी कार्यालय सप्तरी, जिल्ला ट्राफिक कार्याल सप्तरी, राजविराज नगरपालिका सहित सरोकारबाला नियकायहरुको नाममा परमादेशको आदेश जारी गरेका थिए । तर, अदालतले आदेश दिएको १६ बर्ष वितिसक्दा पनि सरोकारबाला निकायले त्यसको कार्यान्वयन गरेको छैन् ।

नगरक्षेत्रमा रहेको विजुली तथा टेलिफोनको पोलमा जथाभावी लाउडस्पीकर झुण्ड्याएर चर्को स्वरमा बजाउने, चर्को स्वरमा डिजे र जथाभावी बजाउने बसको हर्नले ध्वनी प्रदुषण बढेको भन्दै २०६६ सालमा राजविराज नगरपालिक वडा नम्बर ७ बस्ने उमाशंकर देव, वडा नम्बर ३ बस्ने दिपक कुमार भगत, सञ्जय कुमार साह, सत्यनारायण साह, जुबेर अन्सारी, वडा नम्बर ६ बस्ने जगत प्रसाद यादव र सिरहा माडर ६ बस्ने रामसेवक खड्गाले दायर तत्कालिन पुनरावेदन अदालत राजविराजमा निषेधाज्ञा मिश्रित परमादेशको रिट निवेदन दायर गरेका थिए ।

रिट निवेदन उपर न्यायधीशद्वय कार्की र चुडालको संयुक्त इजलाशले फैसला गर्दै सरोकारबाला विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गर्दै “मानव आवश्यकता भन्दा अधिक आवाज भएमा ध्वनी प्रदुषण मानिन्छ र स्वस्थय मानव जिवनमा बारम्बारको अत्यधिक आवाज अत्यन्त हानिकारक हुन जान्छ” फैसलामा उल्लेख गरेको पाईन्छ ।

ध्वनी प्रदुषण प्रत्यक्ष थपिदै जाने हुनाले यसले मानव स्वास्थ्यको स्वास्थ्यमा जोखिमपुर्ण असर पार्न सक्ने, समाजमा कोलाहलको सृजना गर्ने, विद्यालयमा पठनपाठनलाई बाधा पुर्याउने, सार्वजनिक कार्यालयको काममा असर पुर्याउने, व्यक्तिको सोच्ने क्षमतामा ह्रास ल्याउने, समग्र शान्ति जिवन पद्धतिलाई व्यवधान पुर्याउने, गाईले दुध दिने परिमाणमा प्रत्यक्ष कमी आउने र मानव जिवनमा ध्वनी प्रदुषण प्रत्यक्ष असर पर्नुका साथै श्रवण शक्तिमा पर्न असरको बारेमा विश्व स्वास्थ्य संगठन (डब्लु एच ओ) ले गरेको अनुसन्धानबारे पनि फैसलामा भनिएको छ ।

अदालतले ध्वनी नाप्ने यन्त्र (डेसिबल) र कति डेसिबल सम्मको ध्वनी मानवले सुन्न सकिने तथा कति डेसिबल सम्मको विश्लेषण गर्दै मानव जिवनमा असर पार्ने सम्मको तथ्य उल्लेख गरेको छ ।

गोप्य खासखुस गफ गर्दा बखत ३० डेसिबल, दुई व्यक्तिबीच सामान्य बोलचाल गर्दाका बखत ६० डेसिबल, सामान्य र अपेक्षित आवाज स्तर र सो तहबाट क्रमिक वृद्धिले श्रवण शक्तिमा असर पार्न सक्ने ७० डेसिबल, ठुलो स्वरले कराउँदा बखत र श्रवण शक्तिमा जोखिम असर पार्न सक्ने ८० डेसिबल र ८५ डेसिबल भन्दा माथिको ध्वनी लगातार भएमा श्रवण शक्तिमा प्रत्यक्ष असर पर्ने भएको समेत फैसलामा अदालतले विस्तृत विश्लेषण गरेको देखिन्छ । राजविराज नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला ट्राफिक कार्यालय लाई विद्यालय एवं कार्यालयहरु रहेको स्थानहरुको पहिचान गरी सो स्थान के के हो भने सूचना

*बाँकी तीन पृष्ठमा*

## एक्काइस किलो गाँजासहित एक जना पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३१ जेठ ।**

सिरहाको सुखीपुर नगरपालिका ८ स्थित सुखीपुर बजारबाट २१ किलो गाँजासहित एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार धनगढीमाई नगरपालिका–१४ का उमेशकुमार मगरलाई शनिबार पक्राउ गरिएको हो ।

लागूऔषध नियन्त्रण ब्यूरोबाट परिचालन भएको प्रहरी टोलीले शङ्का लागेर मोटरसाइकलमा सवार मगरको खानतलासी गर्दा निजबाट उक्त परिमाणको गाँजा बरामद भएको हो ।

## बसोबास गरेको ५० बर्षपछि पाए रुपनीवासीले जग्गाधनी पुर्जा



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

सप्तरी रुपनी गाउँपालिकामा बसोबास गरेको ५० बर्षपछि जग्गाधनी पुर्जा पाएका छन् । गाउँपालिकाको वडा नम्बर १ का चार जनाले बसोबास गरेको ५० बर्षपछि जग्गाधनी पुर्जा पाएका हुन् ।

पुर्जा पाउनेहरुमा स्थानिय फुलो देवी साह, अनिता देवी साह, मो.सुलेमान मियाँ र केदार प्रसाद साह रहेका छन् ।

शनिबार एक कार्यक्रमकाबीच गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले उनीहरुलाई जग्गाधनी पुर्जा हस्तान्तरण गरे ।

२०३२ सालमा तत्कालिन नकटी रायपुर गाउँपञ्चायतले स्थानिय १२ जना जग्गाधनी संग रुपनी बजार बसाउन ६ विगहा १० कट्ठा जग्गा प्रति कट्ठा लिएका थिए ।

बसोबास गर्ने व्यक्तिले सो प्लट बापत तत्कालिन नकटी रायपुर पञ्चायत, त्यसपछि गाविस हुँदै रुपनी गाउँपालिकालाई प्रत्येक बर्ष कर दिदै आएका छन् । तर, जग्गाधनी पुर्जा पाउनबाट बञ्चित थिए ।

गाउँपञ्चायतले बजार बसाउन १२ जना जग्गाधनीबाट जग्गा लिने सहमति गरेपछि सो जग्गालाई यक्ष• साढे सात धुरको हिसावले त्यतिबेला २०१ वटा प्लट बनाई प्रति प्लट रु दुईसयका दरले बसोबास गर्ने व्यक्तिबाट लिएर त्यहाँ बजार बसाइएको थियो । तर, जग्गा त्यो प्लटमा बसोबास गर्ने व्यक्तिको नाममा नभई बजार बसाउन जग्गा दिएको व्यक्तिकै नाममा रहँदा रुपनी बजारको स्थापनाकाल देखि बसोबास गर्दै आएका व्यक्तिहरुले जग्गाधनी पुर्जा नपाएको गाउँपालिका अध्यक्ष यादवले बताउनुभयो ।

उनले त्यसबेला बजार बसाउन जग्गा दिएका जग्गाबालाको परिवारजन संग समन्वय गरेर रुपनी बजारमा बर्षौं देखि बसोबास गर्दै आएका

*बाँकी तीन पृष्ठमा*

**योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिबद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निजामती सेवामा समावेशी समूहको दुईतिहाई प्रतिनिधित्व भएको छ : अध्यक्ष रेग्मी

काठमाडौँ, ३१ जेठ (रासस) ।

लोक सेवा आयोगले मुलुकको सार्वजनिक प्रशासनमा योग्यता, निष्पक्षता र प्रतिस्पर्धाका आधारमा सक्षम जनशक्ति छनोट गर्दै आएको छ । आयोगले गर्दै आएका कार्यले सार्वजनिक सेवामा दक्ष जनशक्ति व्यवस्थापन, प्रविधिमैत्री परीक्षा प्रणाली, समावेशी प्रतिनिधित्व तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी विषय महत्वपूर्ण बनेका छन् । त्यसैले आयोग सुशासन, समावेशीता र व्यावसायिक निजामती सेवाको आधारस्तम्भका रूपमा स्थापित छ ।

लामो प्रशासनिक अनुभव भएका लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको नेतृत्वमा आयोगले सार्वजनिक सेवा प्रवेश प्रणालीलाई थप पारदर्शी, विश्वसनीय र आधुनिक बनाउने दिशामा विभिन्न सुधारका प्रयास अघि बढाइरहेको छ । यही सन्दर्भमा आयोगले आगामी असार १ गते आफ्नो स्थापनाको ७६ औँ वार्षिकोत्सव मनाउँदैछ । वार्षिकोत्सवका सन्दर्भमा आयोगका उपलब्धि, चुनौती, प्रशासनका क्षेत्रमा देखिएका अवसर र सुधारलगायत विषयमा राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता भीष्मराज ओझाले अध्यक्ष रेग्मीसँग गर्नुभएको कुराकानीको सम्पादित अंश :

**सङ्घीय शासन प्रणाली कार्यान्वयन भएको करिब एक दशक भयो । यस अवधिमा कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्थालाई लोक सेवा आयोगले कसरी मूल्याङ्कन गरेको छ ?**

मुलुकमा हालसम्म जारी भएका सबै संविधानले आयोगको सम्बन्धमा व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधान २००७ अनुसार २००८ साल असार १ गते आयोगको स्थापना भएको हो । सबै संविधानले आयोगलाई निजामती सेवाको पदपूर्तिको जिम्मेवारी दिएको छ ।

नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी, अधिकार र भूमिका बढेको छ । यस संविधानले मुलुकको जेठो संवैधानिक निकाय आयोगलाई सङ्गठित संस्था र सुरक्षा निकायको पनि पदपूर्तिको सबै जिम्मेवारी प्रदान गरेको छ । त्यसअनुसार हामीले निजामती सेवासँगै चारवटै सुरक्षा निकाय, ७४ सङ्गठित संस्थाको पनि पदपूर्तिसम्बन्धी कार्य गरिरहेका छौँ । विभिन्न १०८ सङ्गठित संस्थाको विनियमावली स्वीकृत गरेर परामर्श दिएका छौँ । १०७ संस्थामा हाम्रो प्रतिनिधि छन् ।

सङ्घीय शासन प्रणाली अपनाएको संविधानमा प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । संविधानअनुसार प्रदेश लोक सेवा आयोगहरूले प्रदेश र स्थानीय तहका कर्मचारीको पदपूर्तिको काम गर्दै आएको छ । त्यो बाहेक सङ्घीय सरकारका केन्द्रदेखि स्थानीय तहसम्मका कर्मचारीको पदपूर्तिको काम लोक सेवा आयोग र यस मातहतका १४ कार्यालयबाट सञ्चालन हुँदै आएको छ ।

**प्रदेश र स्थानीय तहमा हालसम्म दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको गुनासो छ । यसको मुख्य कारण के हो ? समस्या कसरी समाधान गर्नुहुन्छ ?**

म आफैँ प्रशासन सुधार कार्यान्वयन आयोगको अध्यक्ष हुँदा संविधानको कार्यसूचीमा रहेको अधिकारअन्तर्गत तीनवटै तहका सरकारमा कर्मचारीको सङ्ख्या यकिन गरिएको थियो । हामीले सङ्घमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारीको दरबन्दी आवश्यकता पर्ने प्रतिवेदन तयार गरेका थियौँ तर अहिले सबै तहका गरी मुलुकभर करिब एक लाख ५० हजार निजामती कर्मचारी छन् ।

प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसार पदपूर्ति नहुनुको कारण पहिले नै कर्मचारीको सङ्ख्या धेरै रहेको वा स्थानीय तहमा लामो समयदेखि ठूलो सङ्ख्यामा रहेका अस्थायी, करार र ज्यालादारी कर्मचारीका कारण पनि प्रदेशबाट नियमित पदपूर्ति नभएको हुन सक्छ ।

विसं २०७५ मा प्रदेश लोक सेवा आयोग गठनका लागि आधार तथा मापदण्ड निर्धारणसम्बन्धी कानुन बनेपछि प्रदेश आयोग २०७६/७७ मा स्थापना भएको हो । प्रदेश लोक सेवा आयोग प्रारम्भिक चरण भएकाले वा आवश्कतानुसार माग पनि नआएकाले पनि त्यस्तो भएको हुनसक्छ । यसमा चुनौती समाधानका लागि प्रदेश र स्थानीय सरकारबाट पारदर्शी रूपमा दरबन्दीअनुसारको पदपूर्तिका लागि माग आउनुपर्छ ।

**लोक सेवा आयोगको परीक्षा प्रणालीलाई ‘डिजिटल’ बनाउन आयोग कसरी जुटेको छ ?**

आयोगले परीक्षा प्रणालीमा सुधार गर्दै प्रविधिमा फड्को मारेको छ । फाराम लिने र दस्तुर बुझाउने व्यवस्था अनलाइनबाटै सेवा प्रवाह गरेका छौँ । अब यसैका लागि बैङ्क र आयोगमा लाइन लागिरहनु पर्दैन । हामी ‘पब्लिक सर्भिस कमिसन रिक्रुटमेन्ट मेनजमेन्ट सिष्टम’ (पिएसआरएमएस) सफ्टवेयरमार्फत नागरिकता, विश्वविद्यालयका प्रमाणपत्रमा आबद्ध हुने काम गरिरहेका छौँ । प्रशिक्षार्थीलाई परीक्षा केन्द्रसमेत पनि अनलाइनमा आउने व्यवस्था गरेका छौँ ।

यसका साथै सबै निकाय डिजिटल र प्रविधिमैत्री हुँदैमा विकास हुने भने होइन, कतिपय संस्था आफ्नो इज्जत, मर्यादा र कामकारबाही पुरानो प्रविधिलाई मर्मत गरेको कारण पनि विश्वास कायमै राख्न सफल भएका छन् । त्यस्ता संस्थालाई प्रविधिको नाममा डिजिटलाइज्ड गरेर यसको जोखिममा आयोग पनि बिना तयारी जानुपर्छ भन्ने मलाई लाग्दैन ।

**संविधानको समावेशी व्यवस्थाले राज्य संरचनामा कस्तो प्रतिनिधित्व बढाएको छ ? यस सम्बन्धमा आयोगसँग के तथ्याङ्क र अनुभव छन् ?**

नेपालमा समावेशिताको अवधारणा खासगरी २०६४ सालदेखि आएको हो र यो प्रावधान सुरुआत गर्दा १० वर्षमा पुनरवलोकन गर्ने भनिएको थियो तर हालसम्म त्यसको कुनै पुनरवलोकन भएको छैन ।

समावेशिताको माध्यमका नेपालका जाति, वर्ग, क्षेत्र, सम्प्रदाय र भूगोलका धेरै व्यक्तिहरूको निजामती सेवामा प्रतिनिधित्व भएको छ । तथ्याङ्कको कुरा गर्ने हो भने समावेशी सुविधाबाट २६ हजारभन्दा बढी कर्मचारी नियुक्त भइसकेका छन् । यस बाहेक थप समावेशी समूहका ११ हजार व्यक्तिको खुला प्रतिष्पर्धाका आधारमा निजामती सेवामा प्रतिनिधित्व भएको छ ।

सरसर्ती हेर्दा मुलुकको निजामती प्रशासनमा अहिले समावेशी समूहको लगभग दुई तिहाई प्रतिनिधित्व भएको छ भने असमावेशी समुहका कर्मचारीको एक तिहाई प्रतिनिधित्व छ ।

**परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस प्रक्रियालाई अझ छिटो, पारदर्शी र विश्वसनीय बनाउन आयोगले कस्ता सुधार गरेको छ ?**

हामीले निरन्तर सुधारका कार्य जारी राखेको छौँ । सार्वजनिक क्षेत्रमा वर्षेनी दरखास्त दिनेको सङ्ख्या ठूलो मात्रामा बढ्दो छ । सबै तहका उम्मेदवारको एउटै मापदण्डबाट मूल्याङ्कन हुँदा मूल्याङ्कनमा एकरुपता ल्याउन कठिन भइरहेको छ । त्यसैले निजामती सेवामा पूर्वयोग्यता परीक्षा सञ्चालन गरेर त्यसमा उत्तीर्ण भएकाहरूको मात्र मूल परीक्षा सञ्चालन हुने प्रावधान छ ।

यही प्रयोग गत वर्षदेखि सङ्गठित संस्थामा चौथौ तह (खरिदार सरह) मा पनि सुरुआत गरेका छौँ । गत वर्ष पहिलो पटकको भएको चौथो तहको पूर्वयोग्यता परीक्षामा ९० हजार जनाले फाराम भरेका थिए । त्यसमध्ये ६० हजार परीक्षामा समावेश भएकामा २० हजार उत्तीर्ण भएका थिए । यस्ता पूर्वयोग्यता परीक्षा पास गरेका परीक्षार्थीको अनुमति पत्र एक वर्षसम्म कायम रहने र एक वर्षभरि कुनै पनि सङ्गठित संस्थामा मूल परीक्षा दिन पाइने व्यवस्था सुविधा रहेको छ ।

यस प्रणालीको अर्को लाभ भनेको पूर्वयोग्यता परीक्षा दिनका लागि काठमाडौँ आउनुपर्दैन आयोगले आफ्ना १४ कार्यालयबाट जनताको घरदैलोमा त्यस्तो परीक्षा सञ्चालन गर्ने गरेको छ । यसले परिक्षार्थीको सङ्ख्यामा पनि व्यवस्थापन गर्न सहज हुने र पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका परीक्षार्थीबीचमा मात्रा परीक्षा गर्दा गुणस्तरीय परीक्षण हुने हाम्रो विश्वास छ । यो वर्षदेखि सबै सङ्गठित संस्थाका लागि अधिकृत, नायब सुब्बा र खरिदार सरहका लागि पनि प्रारम्भिक परीक्षा सुरु गर्दैछौँ ।

**लोक सेवा आयोगको संवैधानिक स्वतन्त्रता र निष्पक्षतामाथि कुनै प्रकारको दबाब वा चुनौती महसुस भएको छ ?**

सबैलाई स्पष्ट छ, लोक सेवामा भनसुन लाग्दैन । योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्म कायम राख्नेगरी संविधानबमोजिम सपथ लिएका हामी आयोगका पदाधिकारी संवैधानिक दायित्वअन्तर्गत कार्यसम्पादन गर्छौं ।**सार्वजनिक प्रशासनलाई सक्षम बनाउन आयोगका प्राथमिकता के छन् ?**

आयोग निरन्तर सुधारका प्रक्रियामा अघि बढेको छ, परीक्षा प्रणालीमा सामयिक सुधार गर्दै आएका छौँ, पाठ्यक्रम परिमार्जन निरन्तर जारी छ, वृत्ति विकास केन्द्रित पाठ्यक्रमका लागि पनि धेरै काम गरिरहेका छौँ । यसमा पनि हामीले अब दक्षता र विज्ञताका लागि सम्बन्धित सेवाको कर्मचारीले आन्तरिक प्रतिस्पर्धामा आफ्नो समूहमा मात्र परीक्षा दिन पाउने गरी व्यवस्था गर्न लागेका छौँ ।

यो न्याय सेवामा सुरु भएको छ । गत वर्षदेखि हामीले इन्जिनियरिङ सेवाको सिभिल समूहमा पनि लागु गरेका छौँ । यसका साथै हामीले विगतको कुनै व्यक्तिको काम कारबाही र अहिलेको उसको अन्तरवार्ता र प्रस्तुतीकरणका आधारमा भविष्यमा यो कर्मचारीले कस्तो गर्न सक्छ भने अनुमान गर्न ‘एसेसमेन्ट सेन्टर मेथडोलोजी’ (एसिएम) भन्ने विश्वमा विकसित पद्धतिलाई परीक्षा प्रणालीमा अपनाएका छौँ ।

**आयोगले पदपूर्तिका विभिन्न प्रक्रिया पूरागरी योग्य र सक्षमलाई सिफारिस गर्छ । कतिपय कर्मचारी सेवा प्रवेशको सुरुमा नै अनियमिततामा मुछिने गरेका छन् । यसलाई नियन्त्रण गर्न के गर्नुपर्ला ?**

आयोगले कुनै पनि व्यक्तिलाई परीक्षण गर्ने भनेको १० प्रतिशत जति मात्रै हो । यसलाई ‘आइसबर्ग मोडेल’ पनि भनिन्छ । हामीले विश्वव्यापी परीक्षण प्रविधि र विधि अध्ययन अवलोकन गरी पदपूर्ति गरिरहेका छौँ तर व्यक्तिको १० प्रतिशत मात्र परीक्षणबाट ९० प्रतिशत विचार, दृष्टिकोण र सोचका विषयको आकलन गर्न सकिदैन ।

कतिपय विषय व्यक्तिको पारिवारिक पृष्ठभूमि, रहनसहन तथा संस्कार र संस्कृतिले पनि राष्ट्र र समाजप्रति समर्पित छ कि छैन भन्ने कुरामा निर्भर हुन्छ । अर्को कुरा उसले कुन संस्थामा गएर काम गर्‍यो, त्यो संस्थाको सङ्गठनात्मक संस्कृति कस्तो छ, सुविधा कस्तो छ, परिवारलाई पालनपोषण गर्ने सुविधा या आर्थिक जोहो छ वा छैन, यावत कुराले व्यक्तिको इमान्दारी र निष्ठा निर्धारण हुन्छ । त्यसैले व्यक्तिको इमान्दारी, विवेक र सोच तथा शैली उसको सांस्कृतिक आधारमा निर्धारण हुने भएकाले घरपरिवारमा नैतिकताको शिक्षा अपरिहार्य हुन्छ ।

**आयोगको सिफारिसअनुसार कर्मचारी नपठाइने वा पदपूर्तिमा ढिलाइ हुने प्रवृत्ति पनि सुनिन्छ । यसलाई आयोगले कसरी लिएको छ ?**

आयोगलाई सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले यति पद रिक्त छन्, विज्ञापन गरिदिनुपर्‍यो भनेर आयोगमा मागपत्र प्राप्त भएपछि मात्र प्रक्रिया प्रारम्भ हुन्छ । तालिकाअनुसार हामी विज्ञापन प्रकाशन गर्छौं । अब कुनै निजामती, सङ्गठित संस्था, सुरक्षा निकाय, विश्वविद्यालयले पद नै लुकाएर विज्ञापनको लागि पठाएको छ भने त्यो हामीलाई ज्ञात हुने विषय होइन ।

त्यसको लागि सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्छ । त्यहीका कर्मचारीहरूले नै आफ्नो संस्थामा के कस्तो अवस्था छ, निरन्तर जानकारी लिएर ध्यानाकर्षण गराउन पहलकदमी लिनुपर्छ । आयोगमा आइसकेपछि अदालती प्रक्रिया तथा यदाकदा र प्रतिकूल परिस्थितिमा ढिलो हुने बाहेक आयोगको परिक्षा, परिक्षण र सिफारिसमा कुनै ढिलाई हुँदैन । निर्वाचन,

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रहरी सङ्गठन जनताका पहिलो सरकार हो : मुख्यमन्त्री कार्की

विराटनगर, ३१ जेठ (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रहरी सङ्गठन नेपाली जनताका पहिलो सरकार भएको बताउनुभएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र कोशी प्रदेश प्रहरी कार्यालयद्वारा आइतबार यहाँ आयोजित कोशी प्रदेशस्तरीय ‘अपराध अनुसन्धान समीक्षा’ गोष्ठीको उद्घाटन गर्दै उहाँले प्रहरी सङ्गठनमाथि उठेको प्रश्न र जिज्ञासाप्रति सङ्गठन जिम्मेवार बन्नुपर्ने विचार राख्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रहरी सङ्गठनलाई बलियो बनाउने समयमा नियन्त्रणमा राख्ने सोच र प्रवृत्तिले अपराध अनुसन्धानमा गम्भीर असर पर्ने भन्दै सङ्गठनलाई समयानुकूल बनाउन साधन, स्रोत र व्यवस्थापकीय कमी कमजोरीलाई राज्यले पूरा गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले प्रहरीको नीति र ऐनलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै ‘डिएनए’ परीक्षण गर्ने प्रयोगशाला निर्माण र ‘डिजिटल’ प्रणालीमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले समाजमा शान्तिसुरक्षा स्थापना गर्न र सुशासनअन्तर्गत अपराध अनुसन्धानमा प्रहरी सङ्गठनले इमान्दारीपूर्वक आफ्ना जिम्मेवारी निर्वाह गरिरहेको धारणा राख्दै प्रहरीले अनुसन्धानमा त्रुटि हुन नदिन र कानुनको परिधिभित्र रही काम गर्न सुझाव दिनुभयो ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख विनोद घिमिरेले अपराध अनुसन्धामा देखिने त्रुटि र कमीकमजोरीलाई निवारण गर्न गोष्ठी फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले प्रहरीको सफल अनुसन्धानबाट नै पीडित नागरिकले न्याय पाउने भएकाले यसतर्फ गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरले विज्ञान, सूचना प्रविधि एवं सञ्चारले मानव जीवनलाई सहज बनाएपनि अपराध अनुसन्धानतर्फ जटिलता र चुनौती थपिएको जानकारी दिनुभयो ।

उहाँले प्रमाणका आधारमा अनुसन्धानसहित क्षमता विकास जरुरी रहेको चर्चा गर्दै गोष्ठीबाट आउने निष्कर्षले अपराध अनुसन्धानमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द मरासिनीले सुशासनको अनुभूति भएमा मात्र जनताले राज्यप्रति विश्वास गर्ने बताउनुभयो ।

जिल्ला अदालत मोरङका न्यायाधीश दुर्गाबहादुर भुसालले न्याय जहिले पनि अनुसन्धानको घेराभित्र रहने भएकाले प्रहरीले गर्ने अनुसन्धानमा गम्भीर हुनुपर्ने धारणा राख्नुभयो । उहाँले अपराधीले पनि विज्ञान र प्रविधिको प्रयोग गर्नाले अनुसन्धामा थप चुनौती छ भन्दै अनुसन्धानलाई गुणस्तरीय बनाउन प्रहरी सङ्गठनले अन्तर निकायसँग सहकार्य एवं सम्बन्धलाई सुमधुर बनाउनुपर्नेमा जोड दिनुभयो ।

एकदिने सो गोष्ठीमा कोशी प्रदेशका सबै जिल्लाका प्रहरी उपरीक्षक तथा अनुसन्धान अधिकृतहरूको सहभागित रहेको छ ।

## *निजामती ...*

महामारीजस्ता कठिन अवस्थामा मात्र तालिका केही प्रभावित भएको छ, अन्यथा हामी समयमै पदपूर्ति प्रक्रिया सम्पन्न गर्छौं ।

**निजामती सेवामा प्रवेश गर्न चाहने नयाँ पुस्तालाई तपाईंको सन्देश छ ?**

आयोगको माध्यमबाट हामीले निजामती सरकारी, संगठित संस्था, सुरक्षा निकाय र विश्वविद्यालयको सेवाका परीक्षा नियमित रूपमा सञ्चालन गरिराखेका छौं । लोकसेवा आयोगको माध्यमबाट सार्वजनिक सेवामा प्रवेश गर्नको लागि सबै नेपाली नागरिकलाई समान अवसर प्राप्त छ । समान अवसरमा आउन नसक्ने समावेशी समूहको लागि समावेशी समूहको सुविधा पनि छदैछ । आफूलाई अपडेट गरेर जहिले पनि निरन्तर लागिरहे आयोगको माध्यमबाट यो सेवामा प्रवेश गरेर मुलुकको सेवा गर्नको लागि र आफुलाई योग्य प्रमाणित गर्नको लागि म सबैलाई आग्रह र आह्वान पनि गर्दछु । मुलुकको सेवा गर्ने र वृत्ति विकासका लागि सार्वजनिक सेवा उत्तम माध्यम हो । लोकसेवा आयोगमा प्रतिस्पर्धा ठुलो सङ्ख्यामा हुन्छ, सिट सिमित हुन्छ त्यसो भएको हुनाले पास हुने भन्दा फेल हुनेको सङ्ख्या धेरै हुन्छ, जुन स्वाभाविक रूपमा राम्रो कुरा चाहिँ होइन । प्रतिस्पर्धामा योग्य र सक्षमले सार्वजनिक प्रशासनमा सेवामा सलग्न होऊन भन्ने आयोगको सोचाई हुन्छ । तर दशौं बिसौं पटक आयोगको परिक्षामा अल्झिरहेर जीवनमा विकल्पको बाटो पनि नखोजेर यतै मात्रै निरन्तर लागिरहनु र दुःख पाउनु चाहिँ उपयुक्त हो जस्तो मलाई लाग्दैन । त्यस्ता व्यक्तिहरूले आफ्नो ल्यागतलाई बेलैमा विचार गरेर वैकल्पिक उपाय र रोजगारीको खोजी गर्नु पनि बुद्धिमत्तापूर्ण निर्णय हो जस्तो मलाई लाग्छ ।

**अहिले निजामती सेवालाई चुस्त बनाउन एक पटकका लागि ५५ वर्ष उमेर वा ३० वर्षे सेवा अवधि पूरा गरेकालाई अवकाश दिने गरी कानुन ल्याउने चर्चा छ। तपाईं के भन्नुहुन्छ ?**

यस सम्बन्धमा सरकारले हामीलाई कुनै जानकारी नदिएकाले केही भन्न मिल्दैन । हामीले पनि मिडियाबाट सुनेका हौं ।

**अन्त्यमा, तपाईलाई अझ केही भन्नु छ ?**

यो वर्ष आयोग आफ्नो स्थापनाको ७६औं वार्षिकोत्व मनाउँदै छ । गत वर्ष सुरु भएको हीरक महोत्सवको समापनका भोलि असार १ गते हुने छ । पब्लिक सर्भिस कमिसन आउटरिच प्रोग्राममार्फत हामीले हरेक प्रदेशमा विद्यार्थीहरूलाई नेटवर्किङ गरेर आफ्ना सन्देशहरू प्रवाह गरेका छौं । सङ्गठित संस्थामा पदपूर्तिलाई प्रभावकारी बनाउन क्लस्टरअनुसार परीक्षा प्रणाली बनाउने गरी प्रक्रियाको थालनी गरेका छौं । यसका लागि सङ्गठित संस्थामा प्रमुख र प्रशासन प्रमुखहरूको बैठक राखेर छलफल गरेका छौं । कतिपय साना सङ्गठित संस्थामा नयाँ जनशक्ति केही समय काम गर्ने फेरि अर्को संस्थामा गइरहने प्रवृत्ति छ । यो मानवीय प्रवृत्ति र व्यक्तिगत स्वतन्त्रता पनि हो । संविधान, ऐन, कानुनले रोक नलगाएसम्म यसलाई रोक्न नसकिने भएकाले निजामती जस्तै सङ्गठित संस्थाका पनि एउटा श्रेणी वा तहमा प्रवेश गरेका कर्मचारी सोही संस्थामा वृत्ति विकास गर्न सकुन् भनी व्यवस्थित गर्न लागेका छौं । लोकसेवाको पदपूर्ति प्रक्रिया खर्चिलो रहेको सानो स्रोत साधन हुने सङ्गठित संस्थालाई लोकसेवा आयोगका धेरै परीक्षा धान्न कठिन हुने भएकाले यसलाई व्यवस्थित गर्न सम्बन्धित पक्ष मिलेर लाग्नुपर्छ ।

## *राजविराजमा...*

संकेत चिन्ह वोर्डहरु राखी सवारी साधनबाट हर्न बजाउन निषेध गर्नु, माईक बजाउन र आवश्यकता अनुसार ध्वनी तह तोक्नु वा खास क्षेत्रको अवस्था हेरी स्थान निर्धारण गरी ध्वनी निकाल्न खास सवारी साधन तोकी सोलाई निर्धारित क्षेत्रमा निर्धारित क्षेत्रमा प्रवेश निषेध गर्नु भन्ने अदालतको आदेशमा भनिएको भएपनि १६ बर्ष बितिसक्दा अहिले सम्म अदालतले दिएको आदेश कार्यान्यवयन नहुनु दुःखद भएको रिट निवेदक अधिवक्ता उमाशंकर देवले बताए । उनले अहिले पनि विभिन्न धार्मिक अनुष्ठान र सांस्कृतिक कार्यमा पनि चर्को स्वरमा लाउडस्पीकर, डिजे बजिरहेको तर, प्रशासनले ध्यान नदिएको गुनासो गरे ।

डिजे र लाउडस्पीकरका कारण विद्यार्थीहरुलाई पढाईमा बाधा पुग्ने गरेको, मोवाईलमा कुराकानी गर्न समेत समस्या हुँदै आएको भन्दै देवले स्थानिय सरकारले पनि यसतर्फ ध्यान नदिएको प्रति चिन्ता व्यक्त गरे ।

इमप्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान अस्पताल राजविराजका प्रमुख नरेश कुमार यादवले कानले सुन्न सक्ने क्षमता भन्दा अत्यधिक ध्वनीले श्रवणशक्ति नै नष्ट हुने जोखिम रहेको बताए । “अध्यधिक ध्वनीले कान मात्रै नभई मुटुमा पनि असर पार्छ” उनले भने ।

गजेन्द्रनाराण सिंह अस्पताल राजविराजका कन्सलटेन्ट फिजिसियन डा. अरुण साहले सुन्न सक्ने क्षमता भन्दा बढी ध्वनीले कानको श्रवण शक्ति नै नष्ट हुने बताए । उनले अत्यधिक ध्वनीले मुटु र मष्तिक्समा पनि असर पार्ने गरेको हुँदा नियन्त्रण गर्नुपर्नेमा जोड दिए ।

सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवले अदालतको आदेशबारे अनभिज्ञता प्रकट गर्नुहुँदै यसबारे पहल थाल्ने प्रतिक्रिया दिए ।

## *बसोबास ...*

व्यक्तिहरुलाई क्रमशः जग्गाधनी पुर्जा उपलब्ध गराउने काम भइरहेको जानकारी दिनुभयो । त्यसैक्रममा शनिवबार चार जनालाई जग्गाधनी पुर्जा दिइएको हो ।

रुपनीमा यसअघि २१ जना र अहिले ४ जना गरी अहिले सम्म २५ जनाले जग्गाधनी पुर्जा पाएको र अझै १७६ जना बाँकी रहेको अध्यक्ष यादवको भनाई छ ।

बुवाले लिएको जग्गाको ५० बर्षपछि जग्गाधनी पुर्जा पाएर एकदमै खुशी भएको ६७ बर्षीय मो. सुलेमान मियाँले बताए । उनले २०३२ सालमा बुवाले उक्त जग्गामा बसोबास गर्दा आफु १७ बर्षको रहेको स्मरण गर्दै बसोबास गरेको जग्गाको पुर्जा पाउँदा खुशी भएको सुनाए । यस्तै अनिता देवी साहले आफ्नो ससुराले नै प्लटमा बसोबास गर्न जग्गा किनेको र ५० बर्षपछि पुर्जा पाउँदा खुशी भएको बताईन् ।

## विश्व समाचार

### हर्मुज र आणविक मुद्दामा अमेरिका-इरान सम्झौता नजिक

तेहरान, ३१ जेठ (रासस/एएफपी) ।

मध्यपूर्वको तनाव कम गर्ने सम्भावित अमेरिका-इरान सम्झौता आइतबार हस्ताक्षर हुन सक्ने सङ्केत देखिएपछि कूटनीतिक गतिविधि तीव्र बनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता सम्पन्न भएलगत्तै रणनीतिक महत्त्वको हर्मुज जलघाँटी ‘सबैका लागि खुला’ हुने दाबी गर्नुभएको छ । यद्यपि इरानले हस्ताक्षरको समयसीमाबारे अझै सावधानीपूर्ण धारणा व्यक्त गरेको छ ।

हप्तौंदेखि जारी युद्ध र अवरुद्ध वार्तापछि दुवै पक्ष तथा मध्यस्थकर्ताहरूले समाधानको सम्भावना बढेको सङ्केत दिएका छन् । प्रमुख मध्यस्थकर्तामध्ये एक पाकिस्तानले सम्झौता पहिलेभन्दा धेरै नजिक पुगेको जनाएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले शनिबार सामाजिक सञ्जाल एक्समार्फत आगामी २४ घण्टाभित्र सम्झौताले अन्तिम रूप लिन सक्ने बताउनुभयो । उहाँका अनुसार सम्झौतामा विद्युतीय हस्ताक्षर गरिनेछ भने अर्को साता प्राविधिक तहको वार्ता पनि जारी रहने अपेक्षा गरिएको छ । पाकिस्तानी विदेश मन्त्रालयले समेत आइतबार हस्ताक्षरको योजना रहेको पुष्टि गरेको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा भन्नुभएको छ, “यो सम्झौता भोलि हस्ताक्षर हुने तय भएको छ र हस्ताक्षर भएसँगै हर्मुज स्ट्रेट सबैका लागि खुला हुनेछ ।”

यद्यपि इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले हस्ताक्षरको मिति अझै अन्तिम नभएको स्पष्ट पार्दै ‘यो भोलिपल्ट नहुन सक्छ, तर आगामी दिनमा सम्भावनालाई अस्वीकार गर्न सकिँदैन’ भन्नुभएको छ ।

अप्रिल ८ मा भएको युद्धविरामले भीषण लडाइँ रोक्न मद्दत गरे पनि त्यसयता स्थायी राजनीतिक समाधानको प्रयास जारी छ । राष्ट्रपति ट्रम्पले पटकपटक सम्झौता नजिक पुगेको दाबी गर्दै आउनुभएको छ, तर वार्ता विभिन्न चरणमा अवरुद्ध पनि हुँदै आएको छ ।

सम्झौताको सम्भावनाबीच हर्मुज जलघाँटीको विषय अझै विवादको केन्द्रमा छ । विश्वको महत्त्वपूर्ण तेल तथा ग्यास ढुवानी मार्ग मानिने यस जलमार्गमाथि इरानले युद्ध सुरु भएदेखि नियन्त्रण कडा बनाएको छ । तेहरानले जहाजहरूलाई आफ्ना सुरक्षाकर्मीबाट अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ भने निरीक्षण र शुल्क व्यवस्थापनका लागि नयाँ निकाय पनि स्थापना गरेको छ ।

यसको प्रत्युत्तरमा अमेरिकाले इरानी बन्दरगाहहरूमा आफ्नै नाकाबन्दी लागू गरेको छ । अमेरिकी सेनाको सेन्ट्रल कमान्डले शनिबार इरानले व्यावसायिक जहाजहरूलाई लक्षित गरी एकतर्फी ड्रोन आक्रमणको प्रयास गरेको आरोप लगाउँदै ती सबै ड्रोन खसालिएको जनाएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार राज्य टेलिभिजनसँगको अन्तर्वार्तामा प्रस्तावित सम्झौतामा अमेरिकी नाकाबन्दी हटाउने विषय समावेश रहेको बताउनुभएको थियो । उहाँले हर्मुज जलमार्गलाई इरानको ‘प्रतिरोधको प्रमुख साधन’ मध्ये एक भएको उल्लेख गर्दै यसको व्यवस्थापन पहिले जस्तो नहुने सङ्केत दिनुभएको थियो ।

अमेरिकाले इरानलाई जलघाँटीमाथि पूर्ण नियन्त्रण दिन नसकिने स्पष्ट गर्दै आएको छ । ट्रम्पको पछिल्लो अभिव्यक्तिमा पनि शुल्क वा नयाँ प्रशासनिक व्यवस्थाबारे कुनै उल्लेख गरिएको छैन ।

सम्झौताको अर्को संवेदनशील विषय इरानको आणविक कार्यक्रम हो । विशेषगरी इरानसँग रहेको उच्च संवर्धित युरेनियम भण्डारको भविष्यबारे अझै मतभेद कायम छ । इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि भएको दाबी गर्दै आएको छ, तर अमेरिका, इजरायल तथा पश्चिमी राष्ट्रहरूले इरानले आणविक हतियार विकास गर्न खोजेको आशङ्का व्यक्त गर्दै आएका छन् ।

विदेशमन्त्री अराघचीले इरानको समृद्ध युरेनियमको व्यवस्थापन गर्ने सबैभन्दा उपयुक्त उपाय देशभित्रै त्यसलाई कम घनत्वमा रूपान्तरण गर्नु रहेको बताउनुभएको छ । अर्कोतर्फ राष्ट्रपति ट्रम्पले यसअघि युरेनियम हटाएर नष्ट गरिने बताइसक्नुभएको थियो ।

शनिबारको आफ्नो सन्देशमा ट्रम्पले ‘सबै शान्त भएपछि हामी आणविक धुलो सङ्कलन गरेर त्यसलाई नष्ट गर्नेछौँ, चाहे त्यो इरानमा होस् वा संयुक्त राज्य अमेरिकामा’ भन्नुभएको छ । उहाँले प्रक्रिया छिटो र सहज रूपमा सम्पन्न हुने आशा व्यक्त गर्दै आवश्यक परे ‘अन्तिम विकल्प’ प्रयोग गर्न सकिने चेतावनीसमेत दिनुभएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले ट्रम्पले कुनै पनि सम्झौतामा संवर्धित आणविक सामग्री हटाउने प्रतिबद्धता जनाएको दाबी गर्नुभएको छ । यद्यपि तेहरानका सर्वसाधारणमा भने सम्झौताप्रति अझै शङ्का कायम देखिएको छ । ४९ वर्षीय सईद सादेगीले आफूले छिट्टै कुनै सम्झौता हुने विश्वास नगरेको बताउँदै नेताहरूका आश्वासनप्रति अविश्वास व्यक्त गर्नुभयो ।

इरानी समाचार संस्था फार्सले सार्वजनिक गरेको भिडियोमा तेहरानस्थित विदेश मन्त्रालय बाहिर दर्जनौँ प्रदर्शनकारीले सम्भावित सम्झौताको विरोध गरेको देखिएको छ । प्रदर्शनमा सहभागीहरूले झण्डा बोकेर सरकारको वार्ता नीतिविरुद्ध नाराबाजी गरेका थिए ।

यसरी युद्धविरामपछि मध्यपूर्वमा स्थायी शान्तिको आशा पलाए पनि हर्मुजको नियन्त्रण र इरानको आणविक कार्यक्रमजस्ता जटिल मुद्दाले अन्तिम सम्झौताको मार्ग अझै पूर्ण रूपमा सहज बनाएको छैन ।

# बाढी प्रभावित ७३ परिवारलाई घर हस्तान्तरण

महोत्तरी, ३१ जेठ (रासस)। जिल्लाको भङ्गाहा नगरपालिकामा बाढीबाट प्रभावित भएका ७३ परिवारलाई आइतबार घर हस्तान्तरण गरिएको छ। गत असोज १९ र २० गते जिल्लाको रातो खोलामा आएको बाढीका कारण घरबारविहीन भएका भङ्गाहा नगरपालिकाका दलित, गरीब र अतिविपन्न ७३ परिवारलाई नयाँ घर निर्माण गरी आइतबार हस्तान्तरण गरिएको हो।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा साझेदार संस्था दलित समाज उत्थान समिति नेपालले नगरभित्र सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत यहाँका बाढी पीडित परिवारलाई निर्माण सामग्री सहयोग गरी घर बनाएर आइतबार सम्बन्धित व्यक्तिलाई हस्तान्तण गरेको हो।

भङ्गहा-४ स्थित थारुटोलमा आइतबार आयोजित एक कार्यक्रममा नगरप्रमुख सञ्जीवकुमार साहलाई गुड नेवर्स इन्टरनेशनलका प्रतिनिधि टुपेन्द्र खुलाल र दलित समाज उत्थान समितिका प्रतिनिधि रामभजन महतोले संयुक्त रूपमा घरको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

सहयोगी संस्थाले भङ्गहा-१ मा एक, वडा नं २ मा तीन, वडा नं ३ मा आठ, वडा नं ४ मा १२, वडा नं ५ मा आठ, वडा नं ६ मा १२, वडा नं ७ मा आठ, वडा नं ८ मा पाँच र वडा नं ९ मा १६ वटा घर निर्माण गरेका छन्। रु एक करोड एक लाख ७१ हजार ५७४ खर्च गरेर निर्माण गरिएका ७३ वटा घरबाट ३७५ जना प्रत्यक्ष लाभान्वित भएका एकीकृत सामुदायिक विकास परियोजनाले जनाएको छ।

घर हस्तान्तरण कार्यक्रममा नगरप्रमुख साहले पालिकाभित्रका दलित, गरिब र अतिविपन्न बाढी पीडित ७३ परिवारलाई घर बनाउन सहयोग गर्ने सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गर्नुभयो। उहाँले पालिकाभित्र यी संस्थाहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार, बालविवाहमुक्त अभियान, आयआर्जनलगायत क्षेत्रमा पुऱ्याएको सहयोगको प्रशंसा गर्नुभयो। उहाँले नगरको समग्र विकासका लागि आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गर्नुभयो।

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

रौतहट, ३१ जेठ (रासस)। रौतहटमा शनिबार एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ। नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक-फरक स्थानमा आँखा परीक्षण गरेको हो।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो। सेवा फाउण्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो। गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिनुभयो। उहाँका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ।

यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई गाउँपालिका-४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो। मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिनुभयो। शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उहाँले बताउनुभयो। केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुर्‍याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो। ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ।

अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो। 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी-आँखा सेवामा सबैको साझेदारी' मूल नारासहित गौर आँखा अस्पतालले सञ्चालन गरिरहेको महाअभियान वर्षभरि जारी रहने अस्पतालका प्रशासक नागेश्वरप्रसाद चौधरीले जानकारी दिनुभयो।

# युवा विदेश जान अब बाध्य हुँदैनन् : अर्थमन्त्री वाग्ले

काठमाडौँ, ३१ जेठ (रासस)। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी पाँच वर्षमा युवाले अब आफ्नो सपना पूरा गर्न विदेशिनै पर्ने बाध्यता अन्त्य हुने बताउनुभएको छ।

काठमाडौँमा आइतबार आयोजित राष्ट्रिय युवा उद्यमशीलता सम्मेलन, २०८३ मा अर्थमन्त्री डा वाग्लेले आगामी वर्षको बजेटमार्फत युवालाई स्वदेशमै रोजगारी, शिक्षा र अन्य अवसरको पर्याप्त अवसर सृजना गरिने बताउनुभयो। उहाँले देशका युवा आफ्नो सपना पूरा गर्न विदेशिनैपर्ने बाध्यता अन्त्य हुनुपर्ने बताउँदै भन्नुभयो, "अब त्यस्तो स्थिति आउन नदिन जग बसाल्न बजेटबाट नीतिगत पहल सुरु गरेका छौँ। बजेटको कार्यान्वयनले त्यसको बाटो समात्छ।"

देशभरका युवा उद्यमीलाई सम्बोधन गर्दै अर्थमन्त्री डा वाग्लेले करमा सहुलियत, बक्यौता उल्झनमा रहेका उद्यमी र व्यवसायीलाई छुटको सहुलियत, सरकारी प्रशासनको डिजिटलाइजेसन र सुशासनका एजेन्डा कार्यान्वयनले देश निर्माणको नयाँ बाटामा अघि बढ्ने जनाउनुभयो।

बजेटमा करको दर घटाएर रु एक लाखसम्म कमाउने युवालाई महत्वपूर्ण सहुलियत दिएर करको झन्झटबाट मुक्ति दिइएको उहाँको भनाइ थियो। अर्थमन्त्री डा वाग्लेले त्यसको फाइदा लिन सबैलाई आग्रह गर्नुभयो। बजेट बनाउँदा युवाको उद्यमशील सोच र योजनालाई फैलाउने गरी धेरै सोचिएको र त्यसैअनुसारका कार्यक्रम घोषणा भएका उहाँले बताउनुभयो।

# लागुऔषधसहित ३१ जना पक्राउ

काठमाडौँ, ३१ जेठ (रासस)। नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागुऔषधसहित ३१ जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार बर्दिया र सुनसरीबाट पाँच/पाँच, झापा र ललितपुरबाट चार/चार, सिरहा र काठमाडौँबाट तीन/तीन, कास्कीबाट दुई, धनुषा, नुवाकोट, पर्सा, सुर्खेत र बाँकेबाट एक/एक जना पक्राउ परेका हुन्।

प्रहरीले उनीहरुका साथबाट लागुऔषध खैरो हेरोइन र गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि बुप्रेनोर्फिन, फेनारगन, डाइजेपाम र ट्रामाडोल बरामद गरेको छ।

# आरोग्य र चिकित्सा प्रवर्द्धन गर्न 'अन्तरराष्ट्रिय आयुष कन्क्लेभ'

काठमाडौँ, ३१ जेठः आरोग्य र चिकित्सा क्षेत्रको प्रवर्द्धन गर्नका लागि काठमाडौँमा अन्तरराष्ट्रिय आयुष कन्क्लेभ सम्पन्न भएको छ। 'काउन्सिल फर इन्टिग्रेटिभ वैद्य इनोभेसन एण्ड कोलाबेरसन'को आयोजना तथा नेपाल चेम्बर अफ कमर्सको सहआयोजनामा यहाँ आईतवार भएको कन्क्लेभका सहभागीहरुले आरोग्य र आयुर्वेद चिकित्सालाई प्रवर्द्धन गर्न नीतिगत सहजीकरण गर्नुपर्ने माग गरेका छन्।

"नेपाल सरकारले आगामी १० वर्षलाई 'आरोग्य दशक' का रूपमा मनाउने निर्णय गरेको छ। यो काम सह्रानीय छ", उहाँले भन्नुभयो, "नेपालमा पाइने जडीबुटी, योग, ध्यान तथा परम्परागत उपचार पद्धति जस्ता नेपालको विशिष्ट सम्पदाले स्वास्थ्य तथा आरोग्य पर्यटनको सम्भावनाको ढोका खोल्ने अपेक्षा लिएका छौं।"

अध्यक्ष अग्रवालले परम्परागत चिकित्सा प्रणाली र आधुनिक विज्ञानबीचको सहकार्य नै भविष्यको स्वास्थ्य सेवाको आधार बन्ने उल्लेख गर्दै कृत्रिम बुद्धिमता (एआइ), डिजिटल स्वास्थ्य, टेलिमेडिसिन, जैव प्रविधि तथा डाटा विश्लेषण जस्ता प्रविधिहरूले स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन र कार्यक्षमताका नयाँ अवसर सिर्जना गरिरहेको बताउनुभयो।

सो कन्क्लेभमा भारत, बङ्गलादेश र युनाइटेड अरब इमिरेट्स(युएई) का करिब २०० प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कन्क्लेभका अध्यक्ष राष्ट्रभूषण चक्कुबजीले आयुष कन्क्लेभले आर्युर्वेद, योगलगायतको विकास र प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो।

# महिला र दलितलाई बेग्लै निर्वाचन क्षेत्र निर्धारण गर्न जनमोर्चाको प्रस्ताव

काठमाडौँ, ३१ जेठ (रासस)। राष्ट्रिय जनमोर्चाले संविधान संशोधन बहसका लागि महिला र दलित समुदायलाई छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्न अवधारणापत्र तयार गरेको छ।

सो पार्टी निटकको अखिल नेपाल महिला सङ्घ तथा जातीय समता समाज केन्द्रीय समितिको संयुक्त आयोजनामा आईतवार भएको अन्तरक्रियामा पार्टीका महासचिव मनोज भट्टद्वारा प्रस्तुत अवधारणापत्रमा महिला र दलित समुदायलाई छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्न प्रस्ताव गरिएको हो।

नेपाल सरकारले संविधान संशोधनका लागि बहसपत्र निर्माण कार्यदल गठन गरेको सन्दर्भमा विद्यमान प्रत्यक्ष र समानुपातिक गरी मिश्रित प्रकारको निर्वाचन प्रणालीको कायम राख्न तथा महिला र दलित समुदायका लागि छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्न सो पार्टीको माग रहेको छ।

नेपालमा दलित र महिलाले जातीय तथा वर्गीयरूपले युगौँदेखि समाज वा राज्य दुवैबाट दोहोरो उत्पीडन व्यहोर्नुपरेको अवस्थामा महिला तथा दलित समुदायलाई छुट्टै निर्वाचन क्षेत्र निर्धारण गर्दा उनीहरूप्रतिको सम्मान र विगतका भोगेका पीडाको क्षतिपूर्ति हुने महासचिव भट्टको भनाइ छ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*